# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः५ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-१**

# बाल अधिकार ऐन -२०८१

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०९/०८

# बालअधिकार सम्बन्धी कानूनलाई व्यवस्थित गर्ने वनेको ऐन , २०८१

**स्वीकृत मितिः २०८१।०९।०८**

प्रस्तावनाः बालबालिकाहरूको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्दै बालमैत्री गाउँपालिकाको स्थापित गराउन बालबालिका सम्बन्धी कानून तर्जुमा गरी बालअधिकारलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले, म्याग्दे गाउँपालिकाको तेह्रौं गाउँसभा अधिवेसनले यो ऐन जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यो ऐनको नाम म्याग्दे गाउँपालिका बालअधिकार ऐन, २०८१ रहनेछ।

(२) यो ऐन गाउँसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

(३) यो ऐन म्याग्दे गाउँपालिका भर लागु हुनेछ।

**२. परिभाषाः-** विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधेयकमा,

(क) “बालअधिकार" भन्नाले बालबालिका ऐन, २०७५ र यस ऐनमा ब्यवस्थित अधिकारलाई जनाउनेछ।

(ख) "महासन्धि" भन्नाले बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९८९ लाई जनाउनेछ।

(ग) "समिति" भन्नाले दफा ३, ४ र ५ बमोजिमको समितिलाई जनाउनेछ।

(घ) "बाल कल्याण अधिकारी" भन्नाले यस ऐनको दफा ७ बमोजिमको अधिकारीलाई जनाउनेछ।

(ङ) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई जनाउनेछ।

(च) "प्रमुख" भन्नाले म्याग्दे गाउँपालिकाको प्रमुखलाई जनाउनेछ।

(छ) “तोकए बमोजिम' भन्नाले यस ऐन बमोजिमको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डलाई जनाउनेछ

(ज) "कार्यपालिका" भन्नाले म्याग्दे गाउँपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ।

(झ) "उपप्रमुख" भन्नाले म्याग्दे गाउँपालिकाको उपप्रमुखलाई जनाउनेछ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले म्याग्दे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

(ट) “अध्यक्ष” भन्नाले वडा कार्यालयको वडा अध्यक्षलाई जनाउनेछ।

(ठ) "बालबालिका" भन्नाले १८ वर्ष भन्दा कम उमेर पुगेका बालबालिकालाई जनाउनेछ।

## परिच्छेद -२
## समिति सम्बन्धी ब्यवस्था

**३. स्थानीय बाल संरक्षण समितिको गठनः-** (१) म्याग्दे गाउँपालिकामा देहाय बमोजिम बाल संरक्षण समिति रहनेछ।

(क) गाउँपालिकाको प्रमुख -संयोजक
(ख) गाउँपालिकाको उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य
(ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य
(च) बाल अधिकार क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाको एक जना प्रतिनिधि - सदस्य
(छ) नगर प्रमुखले तोकेका २ जना वडा अध्यक्षहरु -सदस्य
(ज) नगर प्रमुखले तोकेका कार्यपालिकाका २ जना महिला सदस्यहरु -सदस्य
(झ) बालबालिका सम्बन्धी बिषय हेर्ने गाउँपालिकाको शाखा प्रमुख – सदस्य सचिव

**(२) बाल संरक्षण समितिको काम कर्तब्य अधिकार** देहाय बमोजिम हुनेछ।
(क) बालबालिकाको हक हित संरक्षण सम्बन्धी नीति तथा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने गराउने,
(ख) संघीय र प्रादेशिक कानून अनुसार स्वीकृत बाल अधिकार सम्बन्धी कार्यक्रमहरु तयार गर्ने।

**४. स्थानीय बाल अधिकार समितिको गठनः** (१) बाल अधिकारको संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउने कार्यका लागि देहाय बमोजिम बाल अधिकार समिति रहनेछ।
(क) उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्य - संयोजक
(ख) गाउँपालिकाको स्वास्थ्य शाखाको कर्मचारी - सदस्य
(ग) बाल अधिकार क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाको एक जना प्रतिनिधि- सदस्य
(घ) नगर बाल मञ्चको अध्यक्ष - सदस्य
(ङ) बालबालिका सम्बन्धी बिषय हेर्ने गाउँपालिकाको शाखा प्रमुख -सदस्य सचिव
(२) स्थानीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। (क) योजना र कार्यक्रमलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने,
(ख) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राखी अनुगमन र नियमन गर्ने,
(ग) वडास्तरीय बाल अधिकार समितिको वार्षिक कार्यक्रमको प्रगति समिक्षा तथा मूल्यांकन गर्ने।
(घ) वाल सुधार गृह, वाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनस्थापना केन्द्र सम्वन्धी आवश्यक कार्य गर्ने।

**५. वडा स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था: -** वडा स्तरीय बाल अधिकार समितिको गठन देहाय बमोजिम हुनेछ।
(क) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य -संयोजक
(ख) वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य
(ग) वडास्तरीय वाल संजालको अध्यक्ष- सदस्य
(घ) सामुदायिक विद्यालयका शिक्षकहरु मध्ये कम्तीमा एक जना महिला सहित अध्यक्षले तोकेको २ जना - सदस्य

(ङ) वडा सचिव- सदस्य सचिव

**६. वडा स्तरीय बाल अधिकार समितिको काम कतव्य अधिकार :** - वडा स्तरीय बाल अधिकार समितिका काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ।

(क) बालअधिकारको प्रबर्द्धन तथा संरक्षण स्थानीय बालमैत्री शासन सञ्चालन र बालवालिका क्षेत्रमा आवश्यक कार्य गर्ने.

(ख) बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको योजना तयार गर्ने,

(ग) बालमैत्री स्थानीय तहको लागि समन्वयकारी भूमिका खेल्ने,

(घ) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) बालक्लव गठन तथा परिचालनमा सहयोग गर्ने.

(च) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एंव सामाजिक संघ संस्था र समूह विच आवश्यक समन्वय गर्ने गराउने।

**७. बाल कल्याण अधिकारी सम्बन्धी व्यवस्थाः-** (१) बाल अधिकार समितिका काम कारवाही र निर्णयलाई कार्यन्वयन गर्न एक जना बाल कल्याण अधिकारी रहनेछ।

(२) दफा ३ बमोजिम समितिको सदस्य सचिवले बाल कल्याण अधिकारीको रुपमा कार्य गर्नेछ।

(३) बाल कल्याण अधिकारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**८. कार्यकाल सम्बन्धी ब्यवस्थाः-** बाल संरक्षण समिति र बाल अधिकार समितिको कार्यकाल गठन भएको मितिले तीन बर्षको हुनेछ।

## परिच्छेद- ३
## विविध

**९. बाल कोष सम्बन्धी व्यवस्थाः** (१) असहाय, अपाङ्गता भएका बालवालिकाको पालन पोषण, सामाजिक सुरक्षा जस्ता कल्याणकारी कार्य गर्नको लागि कोष स्थापना गर्न सकिनेछ।

(२) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

**१०. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**११. निर्देशिका, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेः** यस ऐन तथा यस ऐनको अधिनमा रही नगर कार्यपालिकाले आवश्यक निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्न सक्नेछ।

**१२. बाधा अड्काउ फुकाउः** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. खारेजी तथा वचाउ :** यस ऐन प्रारम्भ हुनु भन्दा अगाडी बाल अधिकार व्यवस्थित गर्ने विषयमा भएका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
**नारायण प्रसाद अधिकारी**
**प्रमखु प्रशासकीय अधिकृत**